# आकाशवाणी समाचार- नेपाली

मितिः ०६ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभयो भारतले 'मेड इन इन्डिया' र 'मेड फर द वर्ल्ड' को भावना झल्काउने एक अद्वितीय एआई मोडेल विश्वसामु प्रस्तुत गर्नुपर्छ।

२. गृहमन्त्री अमित शाहले जम्मू–कश्मीरमा स्थायी शान्ति स्थापना गर्न र आतङ्कवादलाई पूर्ण रूपमा निर्मूल पार्न सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ।

३. रेल मन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीमा रेलवेका 100 अधिकारीहरूलाई 70 औं अति विशिष्ट रेल सेवा पुरस्कार-2025 प्रदान गर्नुहुनेछ।

४. चार दिवसीय विकसित भारत युवा नेता संवाद -2026 को दोस्रो संस्करण आज नयाँ दिल्लीमा सुरु हुँदैछ।

५. बैडमिंटनमा भारतकी पीवी सिंधुले आज कुआलालंपुरमा मलेशिया ओपनको क्वार्टर फाइनलमा तेस्रो वरीयता प्राप्त जापानी खिलाड़ी **अकाने यामागुची बिरुद्द खेल्नेछिन**।

**प्रधानमंत्री - भारतीय एआई स्टार्ट अप**

प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभयो भारतले 'मेड इन इन्डिया' र 'मेड फर द वर्ल्ड' को भावना झल्काउने एक अद्वितीय एआई मोडेल विश्वसामु प्रस्तुत गर्नुपर्छ। उहाँले नैतिक, निष्पक्ष, पारदर्शी र डाटा गोपनीयता सिद्धान्तहरूमा आधारित भारतीय एआई मोडेलहरू विकास गर्नमा जोड दिनुभयो। प्रधान मन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीमा भारतीय एआई स्टार्टअपहरूसँग बैठक गर्नुभयो। अर्को महिना भारतमा हुने इंडिया एआई इंपैक्ट शिखर सम्मेलन 2026 भन्दा पहिला एआई फॉर ऑल: ग्लोबल इम्प्याक्ट च्यालेन्जको लागि क्वालिफाई १२ भारतीय एआई स्टार्टअपहरू बैठकमा भाग लिएका थिए। सो क्रममा उनीहरुले आफ्नो धारणा र कार्ययोजना प्रस्तुत गरेका थिए। बैठकमा प्रधानमन्त्रीले समाजमा परिवर्तन ल्याउन कृत्रिम बुद्धिमत्ताको महत्वको बारेमा चर्चा गर्नुभयो। उहाँले भन्नुभयो, भारतले अर्को महिना भारत एआई इम्प्याक्ट समिटको आयोजना गर्नेछ, जसको माध्यमबाट देशले टेक्नोलोजी क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्नेछ। यसका साथमा श्री मोदीले स्टार्टअपहरू र एआई उद्यमीहरू भारतको भविष्यका सह-निर्माताहरू हुन् र देशमा नवीनता र ठूलो मात्रामा कार्यान्वयनको लागि अपार सम्भावना रहेको बताउनुभयो

**शाह-जम्मू-कश्मीर**

गृहमन्त्री अमित शाहले जम्मू–कश्मीरमा स्थायी शान्ति स्थापना गर्न र आतङ्कवादलाई पूर्ण रूपमा निर्मूल पार्न सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ। हिजो नयाँ दिल्लीमा जम्मू-कश्मीरको सुरक्षा समीक्षा बैठकको अध्यक्षता गर्दै गृहमन्त्रीले भन्नुभयो, आतङ्की विरोधी अभियानहरू, आतङ्कवादी पूर्वाधारहरूलाई निशाना बनाउनु र आतङ्कवादी वित्तपोषणलाई मिशन मोडमा जारी राख्नु पर्छ। यसको साथमा उहाँले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारको निरन्तर र समन्वित प्रयासका कारण जम्मू-कश्मीरमा आतङ्कवादी इकोसिस्टम कमजोर भएको बताउनुभयो। गृहमन्त्रीले जम्मू-कश्मीरको सुरक्षा स्थितिलाई

सुदृढ गर्न सुरक्षा एजेन्सीहरूको प्रयासको पनि सराहना गर्नुभयो। उहाँले अनुच्छेद- ३७० हटाएपछि उत्पन्न परिस्थितिलाई कायम राख्न सबै सुरक्षा निकायलाई सतर्क र समन्वयमा काम गर्न निर्देशन दिनुभयो ।

**राजनाथ-ईवी फैक्ट्री**

रक्षामन्त्री राजनाथ सिंहले आज आफ्नो संसदीय क्षेत्र लखनउको भ्रमण गर्नुहुनेछ। भ्रमणका क्रममा सिंहले शहरको सरोजिनी नगर क्षेत्रमा अशोक लेलैण्ड इलेक्ट्रिक भेहिकल फ्याक्ट्रीको उद्घाटन गर्नुहुनेछ। केन्द्रीय मन्त्री नितिन गडकरी र एच.डी. कुमारस्वामीको सो अवसरमा पनि उपस्थिति रहने अपेक्षा गरिएको छ । उत्तर प्रदेश सरकारले सेप्टेम्बर, २०२३ मा अशोक लेल्यान्डसँग एक समझौता ज्ञापन हस्ताक्षर गरेको थियो। विश्वस्तरीय यो कारखाना १४ महिनामै सुरु भयो ।

**रेलवे पुरस्कार**

रेल मन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीमा रेलवेका 100 अधिकारीहरूलाई 70 औं अति विशिष्ट रेल सेवा पुरस्कार-2025 प्रदान गर्नुहुनेछ। उत्कृष्ट प्रदर्शन गर्ने रेलवे जोनलाई पुरस्कारको रूपमा २६ शिल्ड प्रदान गरिनेछ। यी पुरस्कारहरू भारतीय रेलवेमा अनुकरणीय सेवा र उत्कृष्ट योगदानका लागि प्रदान गरिन्छन्। सो अवसरमा रेल राज्य मन्त्री वी. सोमन्ना, रेल राज्य मन्त्री रवनीत सिंह, रेलवे बोर्डका अध्यक्ष तथा मुख्य कार्यकारी अधिकारी सतीश कुमार, विभिन्न रेलवे जोन र उत्पादन एकाइहरूका बोर्ड सदस्यहरू र महाप्रबन्धकहरू पनि उपस्थित हुनेछन्। रेल मन्त्रालयले महाकुम्भ जस्ता भव्य कार्यक्रमहरूमा सुरक्षित र सहज रेल सञ्चालन सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका कर्मचारीहरूलाई २६ शिल्ड दिइने बताएको छ।

**रेलवे - सुधार**

रेल मन्त्री अश्विनी वैष्णवले यस वर्ष ५२ वटा सुधारको लक्ष्यका साथ रेलवेमा ठूलो सुधार ल्याउने घोषणा गर्नुभयो। श्री वैष्णवले नयाँ दिल्लीमा रेल राज्य मन्त्री वी सोमन्ना र रवनीत सिंह, रेलवे बोर्डका अध्यक्ष र मुख्य कार्यकारी अधिकारी सतीश कुमार र वरिष्ठ अधिकारीहरूसँग बैठक गर्नुभयो। बैठकमा नयाँ वर्षको भावना, नयाँ संकल्पको साथ रेल सेवामा प्रमुख सुधारहरूमा जोड दिइएको थियो। श्री वैष्णवले सेवा प्रवाहमा व्यवस्थित सुधारका लागि ५२ हप्ताभित्र ५२ वटा सुधार गरिने बताउनुभयो ।

**युवा नेता संवाद**

चार दिवसीय विकसित भारत युवा नेता संवाद -2026 को दोस्रो संस्करण आज नयाँ दिल्लीमा सुरु हुँदैछ। युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मंडावियाले हिजो नयाँ दिल्लीमा सञ्चारकर्मीहरूलाई सम्बोधन गर्दै यो घोषणा गर्नुभयो। भोलि राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलको उपस्थितिमा औपचारिक उद्घाटन समारोह आयोजना गरिने उहाँले भन्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले यस महिनाको १२ तारिखमा समापन समारोहमा भाग लिनुहुनेछ।

चार दिने यस सम्मेलनमा भारत र विदेशका 2,500 भन्दा बढी युवाहरूले भाग लिने श्री मांडवियाले बताउनु भयो । भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) का अन्तरिक्ष यात्री ग्रुप क्याप्टेन शुभांशु शुक्ला र ग्रुप क्याप्टेन प्रशान्त नायरले सहभागीहरूसँग अन्तरक्रिया गर्नेछन् भने भारतीय महिला क्रिकेट टोलीकी कप्तान हरमनप्रित कौरले फायरसाइड संवादमा भाग लिनेछिन्।

**वैष्णव - एनवीडिया**

इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले हिजो नयाँ दिल्लीमा अमेरिकी प्रौद्योगिकी कम्पनी एनभिडियाको टोलीसँग भेट गर्नुभयो। एक सोशल मीडिया पोस्टमा, श्री वैष्णवले भन्नुभयो बैठकमा भारतमा स्वतन्त्र जीपीयूको विकास र DGX स्पार्क जस्तो तीव्र उपकरणको निर्माणको बारेमा छलफल गरिएको थियो। उहाँले यो पनि भन्नुभयो कि प्रणालीले २०० अर्ब प्यारामिटरहरू सम्मको मोडेलहरूको लागि सुरक्षित परिणामहरूको साथ पेटाफ्लप सम्मको प्रदर्शन प्रदान गर्दछ। श्री वैष्णवले भन्नुभयो, यो कम्प्याक्ट जीपीयू देशको विकासको लागि धेरै महत्त्वपूर्ण उपकरण हो।

**प्रगति - विशेष स्टोरी**

सक्रिय शासन र योजनाहरूको समयमै कार्यान्वयनको लागि प्रधानमन्त्रीको प्रमुख संयन्त्र, प्रगतिले आफ्नो ५० औं बैठकको साथ एक महत्त्वपूर्ण कोसेढुङ्गा हासिल गऱ्यो। प्रधानमन्त्रीले २०१५ मा यो संयन्त्र सुरु गर्नुभएको थियो। यस संयन्त्र मार्फत, प्रधानमन्त्रीको प्रत्यक्ष समीक्षाले पूर्वाधार परियोजनाहरूको समयमै अनुगमन र समाधानलाई सक्षम बनाएको छ। प्रगतिले केन्द्र, राज्य र केन्द्रीय मन्त्रालयहरूलाई एकल डिजिटल प्लेटफर्ममा एकसाथ ल्याएर सहकारी संघीयताको बलियो उदाहरण स्थापित गरेको छ। प्रगतिले निर्णय लिने प्रक्रियालाई सुव्यवस्थित गर्न, परियोजना ढिलाइका कारणहरूलाई सम्बोधन गर्न र जवाफदेहिता सुनिश्चित गर्न मद्दत गरेको छ। आज, यस विशेष शृङ्खलामा, हामी शहरी परिदृश्यलाई रूपान्तरण गर्ने आवास र पूर्वाधार पहलहरूमा एक नजर राख्नेछौं।

## नेपाल - विशेष सम्मेलन

नेपालको सबैभन्दा ठूलो पार्टीमा आन्तरिक कलह गहिरिँदै गएको छ । नेपाली कांग्रेसको कार्यालय सानेपामा बसेको प्रदर्शन समितिको बैठकमा महाधिवेशनका विषयमा एकमत हुन सकेन । नेपाली कांग्रेसका महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले जनवरी ११ र १२ विशेष सम्मेलन गर्न आग्रह गरे । गगन थापाले सेप्टेम्बर ८ र ९ पछि कांग्रेसले नयाँ पुस्ताको चाहनालाई ध्यानमा राखेर देशको बदलिँदो परिस्थितिअनुसार अनुकूलन गर्नुपर्ने अवस्था रहेको बताए ।

यसैबीच कांग्रेस सभापति देउवा समूहले थापा र शर्माले बोलाएको महाधिवेशनको विरोधमा युवा र जिल्ला प्रमुखको छुट्टाछुट्टै बैठक गर्ने भएको छ ।

## बैडमिंटन - मलेशिया ओपन

बैडमिंटनमा दुई पल्टको ओलंपिक मेडल विजेता र स्टार खिलाड़ी पीवी सिंधु आज कुआलालंपुरमा मलेशिया ओपनको क्वार्टर फाइनलमा तेस्रो वरीयता प्राप्त जापानी खिलाड़ी **अकाने यामागुची** को साथ भिड्नेछिन्। यसभन्दा पहिला हिज , सिंधुले राउंड ऑफ़ 16 मा जापानको आठौ वरीयता प्राप्त **टोमोको मियाज़ाकीलाई** 21-8, 21-13 ले हराए।

पुरुषहरुको डबल्स प्रतिस्पर्धामा भारतको टॉप जोड़ी सात्विकसाईराज रंकीरेड्डी र चिराग शेट्टीको भिडन्त क्वार्टर फाइनलमा इंडोनेशियाई जोड़ी एम एस फिक्री र एफ अल्फियानसित हुनेछ।